**सि आशा फाउण्डेशन द्धारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले विद्यालयीय गतिविधिहरु बारे जानकारि दिने उद्देश्य अनुरुप भित्तेपत्रिका प्रकाशन गर्दै आएको छ, यसै अनुरुप यो छैटौ कोशेलि यहाँहरु माझ ल्याएका छौ ।**

## मेरो गुनाशो कस्लाई सुनाउ



शास्त्र देखि संस्कार सम्म समाज देखि सदन सम्म नारिले नओगटेको यस्तो कुनै ठाउँ छैन तर पनि हरेक क्षेत्रमा अब्बल हामि नारि पछि नै परिरहेका अवस्था छ । त्यहि अवस्थालाई परिवर्तित नगरिएको व्यवस्था प्रति गुनासो छ । मलाई पछाडि धकेल्ने मेरो मातृत्व प्रति पनि गुनासो छ । आज विशेष नारि दिवसको प्रसगंमा गरिएको मेरो सानो गुनासोलाई कलमको सहाराले उतार्न काम गरिरहेको छु । संस्कारको घुम्टो ओढाएर समाजको काडेतारमा हिड्न वाध्य गराउने तमाम पात्रलाई ऐना देखाउन जरुरी छ । ति पात्रहरु जो कहिले बुबा कहिले दाजु त कहिले श्रीमान धएर देखाए आधा आकाश, आधा समाज, आधा परिवार पुरा गर्ने हामि नारि यहा सम्म कि संस्कारबो ठेक्का लिने पनि हामि नारि तर पुरुषवादी समाजमा यि कुराले महत्व नै कहा राख्छ र ? सबै कुरामा अगाडि हुदा हुदै पनि पछाडि हट्न वाध्य पार्ने केहि नियमको अपरिहार्य मैले नबुझेको होकि मेरो समाजले अब बुझाईदिन जरुरी छ । महिलालाई पृथ्विको संज्ञा दिने तमाम आदर्शवादि पुरुषहरुलाई भन्न चाहन्छु पृथ्वि ले पनि भार खेप्न नसक्दा आउने विपत्ति कहिले भुकम्प त कहिले सुनामि भएर पोखिन्छन तर विडम्वना हामि नारि न त पोखिन सक्छौ नत हार मान्न सदा सर्वदा धैर्यवान भएर बस्नुपर्ने यति हुदा हुदै पनि चित्त बुझाउथिए होलान तर हामि यस्तो समाजमा छौ प्रतिभा देखाउनुपर्ने ठाउमा अस्मिता धितो राख्नुपर्ने यो कस्तो वाध्यता यदि प्रकृतिले भरिपुर्ण नबनाएको भए हामि नारि काम नलाग्ने बस्तु सरह फ्यामिन्थ्यौ होला कहिले त यहि अस्मिता प्रति नै दिक्क लाग्छ कारण आफै थाहा पाउनु हुनेछ र मेरो अस्मिता को ठेक्का मैले नै लिनुपर्दा अध्यारोमा हिड्न डराउनुपर्ने, एक्लै बस्न डराउनुपर्ने हामिलाई हाम्रा शारिरीक संरचनाले सुन्दर बनाएपनि कहिलेकाहि अभिशाप नै बनेको छ । यति भैरहदा आमि अझै उठ्न सकेको छैन । ईतिहास साक्षि छ हरेक परिक्षा चाहि महिलाले नै दिनुपर्ने यो कस्तो नियम सत्ययुग देखि कलियुग सम्म कयौ प्रथा परिवर्तन भए होलान तर अवस्था उस्तै छ । मैले मेरो साहारा खोज्न कुनै पुरुषको आश्रय लिनुपर्ने त्यसको बद्रलामा शिर देखि पाउसम्म उसकै भएर बस्नुपर्ने यति सम्म त ठिकै थियो होला यहासम्म कि मेरो गर्भको अधिकार पनि मलाई छैन नेपालको कानुन दैवले जानुन भनेझै महिला मैत्री भएका सघं संस्थामा नै महिलाले नपाएका सेवा, सुविधाहरु छन् । धेरै कुराबाट वञ्चित छौ, हामि मौन छौ, कारण धेरै छन् । खैर यो त भए हामि महिलाको गुनासोको पोका जुन खोल्ने जो कोहि सगँ हिम्मत हुन्न अब एउटै आश मेरो मेरो सरकार समक्ष छ यदि महिलालाई सुरक्षा दिन समिदैन भने प्रशिक्षण देउ ताकि सबैको हातमा डाडु पनिउ हैन कुम्फु र कराते होस हरेक घर, संस्था, महिला मैत्री होस रजस्वलाको रातो टाटा देखिएका मेरो कपडामा यो त प्रकृतिको देन हो भन्न सकियोस अब यस्तो समाज को निर्माण होस छोरालाई अशं भनिए जस्तै छोरिलाई वशं भनियोस यदि यति पनि हुन सक्दैन भने प्रत्येक महिलाको गर्भाशय मै छोरि छोरा भन्ने लिङ्ग पहिचान बन्द गराईयोस त्यो पनि सकिदैन भने यस्तो अधिकारको सुरुवात होस पुरुषका गुप्त अगंमा महिलाको पाठेघर प्रत्यारोपण गर अनि बुझ्ने छौ महिलाको पिडा अब देखि छोरि, चेलि चाहिदैन भनेर राज्य लाई नै पत्राचार गर तिम्रा ढोङ्गी भाषण अब धेरै भयो आरक्षणका नाममा लुटतन्त्र मचाउन छोड पहिला आफ्नै घरका छोरी चेलि जोगाउ अनि मात्र देश बनाउने साहस गर ।

**अन्जिता भुजेल**

**भ्रमण तथा अवलोकन**

सि आशा फाउण्डेसन द्धारा सञ्चालित हेटौडा उपमहानगरपालिका ७ हरियालिमा रहेको आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रमा बागमति प्रदेशका प्रथम मुख्य मन्त्री डोरमणि पौडेल ले विद्यालय भ्रमण तथा अवलोकन गर्नुभयो ।





विद्यालयमा विद्यार्थीहरुले गर्ने दैनिक शैक्षिक क्रियाकलाप, खेलकुद, पुर्वव्यवसायिक सिप तथा तालिम, दिवा खाजा प्रक्रिया, सरसफाई र सौचालय लगाएतका गतिविधिहरुको निरिक्षण गर्दै सल्लाह सुझाव दिनुभयो । विद्यालयले भिन्न तथा फरक क्षमता भएका बालबालिकाको क्षत्रमा रहेर कार्य गरिरहनुभएकोमा संस्थापक आईना वार्का न्यौपाने लाई धन्यवाद व्यक्त गर्नुभयो । आगामि दिनमा विद्यालयको लागि आवश्यक पर्ने सहयोग गर्ने बताउनुभयो ।

**आमा**




सन्तान लाई ममताले सिञ्चिएर संसार दिने
सन्तानको खुशिको लागि हरेक दुख पिडा लिने
प्रेमको अनन्त उदाहरण अनि जिवनको आनन्द
हौशला प्रेरणाको एक अब्बल पहिचान बनिदिने ।
म रुदा सगैँ रुने अनि म हास्दा सगैं हास्ने
मेरो अनुहारको मलिनता लाई झट्टै चिनिहाल्ने ।
आफ्ना अनगिन्ति सपनालाई कतै दुरदराजमा थन्काई
मेरो सपना पुरा गर्न हरदम तत्पर रहने मेरि आमा
तिमिलाई म के भनु जति खोजे पनि शब्द भेटिन्न
तिम्रो तारिफ म के गरौ स्वयम तिमिले मलाई बनायौ ।
एउटै सपना छ तिमिले सिकाएको सत्मार्ग बाट नबहिकिउ
अनि तिम्रा ममतामयि साथ, आर्शिवादको हात सधैं मेरो शिरमा पाउँ ।

सन्तानको रुवाई बाट शुरु भएरे प्रगतिसम्म भागदौड गर्ने आमा
हरेक चाडपर्व हर्ष उल्लासमा सन्तानकै बाटो कुर्ने पनि आमा
अलिकति चोटपटक लागेर सन्तान लाई पिडामा देख्दा रुने पनि आमा
मृत्युको अन्तिम सास सम्म पनि सन्तानको खुशिको प्राथना गर्ने पनि आमा ।

